# सर्वोच्च अदालत

## अनुसन्धान तथा योजना महाशाखा


कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या, मिति र खाममा विभाग तथा फाँट उल्लेख गर्नुहोला।

रामशाहपथ, काठमाडौं
फोन फ्याक्स ४२५०७४२,
एक्सचेन्ज ४-२६२३१७, ४-२६२३१८ ... २६०४
४-२६२८०१, ४२५८१२२ ... २६०५
४-२६२८१५, ४-२५०३१६ ... २६०६
Email: info@supremecourt.gov.np
Email: research@supremecourt.gov.np
Website: www.supremecourt.gov.np


पत्र संख्या ०७७/७८
च.नं. २९८

मिति: २०७८।०१।१४

श्री उच्च अदालतहरु सबै
श्री उच्च अदालतका अर्को इजलासहरु तथा अस्थायी इजलासहरु सबै
श्री जिल्ला अदालतहरु सबै

**विषयः परिमार्जित मासिक र वार्षिक प्रतिवेदनका फारामहरुको सम्बन्धमा।**

उपर्युक्त विषयमा न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना बमोजिम जिल्ला अदालतमा २०७७।४।१ गतेदेखि र उच्च अदालतमा २०७७।५।१ गतेदेखि फरक मुद्दा व्यवस्थापन पद्धति (DCM) लागु भइसकेको सन्दर्भसमेतलाई मध्येनजर गरी फरक मुद्दा व्यवस्थापन सम्बन्धी निर्देशक समितिको मिति २०७७।०९।०६ गतेको बैठकबाट फरक मुद्दा व्यवस्थापन सम्बन्धी प्रतिवेदन प्रणालीको लागि तयार भएका फारामहरु स्वीकृत गर्ने निर्णय भएको हुँदा सो निर्णय बमोजिम विद्यमान मासिक र वार्षिक प्रतिवेदनका फाराहरुमा केही आवश्यक परिमार्जन गरी पठाइएको छ। तसर्थ मासिक तथा वार्षिक प्रतिवेदनका परिमार्जित फारामहरु सर्वोच्च अदालतको website बाट डाउनलोड गरी प्रयोग गर्नुहुन र उच्च अदालतका इजलासहरुले आफू मातहतका जिल्ला अदालतहरुलाई सर्वोच्च अदालतको website मा राखिएका परिमार्जित फारामहरुको प्रयोग गरी मासिक र वार्षिक प्रतिवेदन पठाउने व्यवस्था मिलाउन आवश्यक सहयोग र समन्वय गर्नुहुन समेत अनुरोध गर्दछु। साथै उक्त परिमार्जित फारामहरुका सम्बन्धमा कुनै सुझाव भए वा विवरण भर्दा कुनै द्विविधा भएमा सर्वोच्च अदालत, अनुसन्धान तथा योजना महाशाखाको इमेलमा पठाउन वा देहायमा समावेश निर्देशनहरुको अन्तिम बुँदामा उल्लेखित फोन नं. मा सम्पर्क गर्नुहुन समेत अनुरोध छ।

<u>देहायबमोजिम गर्न गराउनु हुन निर्देशानुसार अनुरोध गरिन्छ।</u>

१. उच्च अदालत तथा उच्च अदालतका इजलास एवम् अस्थायी इजलास र जिल्ला अदालतहरुले सर्वोच्च अदालतमा वार्षिक र मासिक प्रगति प्रतिवेदनहरु नियमित रुपमा research@supremecourt.gov.np मा इमेल गरी पठाउने।

सर्वोच्च अदालत
अनुसन्धान तथा योजना महाशाखा

कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या, मिति र खासमा विभाग तथा फाँट उल्लेख गर्नुहोला।

रामशाहपथ, काठमाडौं
फोन फ्याक्स ४२५०३४२
एक्सचेन्ज ४-२६२३९७, ४-२६२३९८ } २६०४
४-२६२८०१, ४२५८१२२ } २६०५
४-२६२८९५, ४-२५०३१६ } २६०६
Email: info@supremecourt.gov.np
Email: research@supremecourt.gov.np
Website: www.supremecourt.gov.np

पत्र संख्या
च.नं. २९६८

२. वार्षिक तथा मासिक प्रतिवेदनका फारामहरु भर्दा अनिवार्य रुपमा युनिकोडमा टाइप गर्ने।

३. इमेलबाट प्रतिवेदन तयार गरी पठाउँदा कुन सालको कुन महिनाको प्रतिवेदन हो सो कुरा अनिवार्य खुलाउने।

४. प्रतिवेदनका फारामहरु तयार गरी पठाउँदा microsoft excel मा बनाई पठाउने।

५. २०७७/०७८ को वार्षिक प्रतिवेदन मिति २०७८ श्रावण १५ गतेभित्र soft copy अनुसन्धान तथा योजना महाशाखाको इमेल research@supremecourt.gov.np तथा मूल प्रति hard copy योजना तथा अनुसन्धान महाशाखामा यथाशीघ्र पठाउने।

६. प्रतिवेदनका फारामहरु Excel Worksheet मा निर्माण गरिएकोले पर्याप्त विवरण नदेखिएमा Row र column मा लुकेको पनि हुन सक्ने हुँदा सो हेर्नुहुन र फारामहरुमा पूर्णरुपमा सबै विवरण भर्ने तथा तथ्यांक नभएको खाली स्थानमा "0" शुन्य राखी भरेर प्रत्येक फाराममा कूल जम्मा गर्ने।

७. वार्षिक र मासिक प्रतिवेदनमा उल्लेख गरिएको तथ्यांक सर्वोच्च अदालतको CMS Software को तथ्यांक सँग भिडाई पठाउनुहोला। एकरुपता कायम गर्ने सम्वन्धमा द्विविधा परेमा सर्वोच्च अदालतको सूचना प्रविधि शाखामा समन्वय गर्नुहोला।

८. वार्षिक तथा मासिक प्रतिवेदन तयार गर्ने कर्मचारीको नाम, थर र सम्पर्क मोवाइल नम्वर अनिवार्य रुपमा फाराम नं. १ मा खुलाउने।

९. यस विषयमा थप जानकारी आवश्यक परेमा सर्वोच्च अदालतको फोन नं. ०१४२००७२२ अनुसन्धान अधिकृत श्री ठाकुरप्रसाद पौडेलको मोवाइनल नं. ९८४८०२३७३९ मा सम्पर्क गर्नुहोला।

२०७८/०७/१४
सुदर्शन खनाल
अनुसन्धान अधिकृत